# लैंगिक समानता सामाजिक समाबेशीकरण मुलप्रवाहीकरण रणनीति योजना

## २०८२/०८३ – २०८५/०८६

गाउ कार्यपालिकाको कार्यालय, खत्याड गाउ पालिका

मुगु जिल्ला, कर्णाली प्रदेश

नेपाल

कार्तिक २०८२

## हाम्रो भनाइ

नेपालको संविधानले लैङ्गिक तथा सामाजिक समावेशी समाजको परिकल्पना गरेको छ। संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने उल्लेख गरिएको छ। महिलाको हक, दलितको हक, बालबालिकाको हक, सामाजिक न्यायको हक लगायतका हक अधिकारहरू संविधान प्रदत्त हकहरू हुन्। संविधानमा व्यवस्था भएका हकहरू कार्यान्वयन गरी नागरिकलाइ महसुस गराउने जिम्मेवारी स्थानीय सरकारको पनि हो ।

लैङ्गिक, जातीय तथा वर्गिय विभेद रहित समतामुलक, न्यायपुर्ण समृद्ध गाउँपालिकाको निर्माण गर्ने दूरदृष्टि लिएर यो रणनीति निर्माण भएको हो । यो रणनीतिक योजनाले खत्याड गाउँपालिकाको नीति, योजना, संरचना व्यवस्था, सेवा प्रवाह, कार्यक्रम तथा बजेट लैससास उत्तरदायी बनाउने, महिला तथा लक्षित वर्गको सशक्तीकरणको माध्यमद्वारा सार्वजनिक स्रोत, साधनको पहुँच र नियन्त्रण बढाउने उद्देश्य लिएको छ। यो रणनीतिक योजनाले दिगो विकास र आर्थिक समृद्धिको लागि महिला तथा लक्षित वर्गको समान अवसर, नेतृत्वदायी भूमिकामा वृद्धि, साथै समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चितताका लागि आर्थिक सशक्तीकरणका गतिविधिहरु सञ्चालन गर्ने उद्देश्य लिएको छ। नेपालले लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा गरेका प्रतिबद्धताहरु स्थानीय तहसम्म कार्यान्वयन गर्नु गाउँपालिकाको दायित्व पनि हो। पालिकालाइ हिंसा रहित बनाउन पालिकामा सामाजिक न्याय स्थापना गर्न समेत यो रणनीतिक योजनाले मद्दत गर्नेछ।

यो रणनीतिक योजना निर्माण गर्न नेतृत्व गर्ने कार्यदल, रणनीति निर्माणमा खट्नु भएका गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरू सबैलाइ म हार्दिक धन्यवाद दिन चाहन्छु। लैससासमैत्री गाउँपालिका निर्माण गर्न यो योजनाले महत्वपूर्ण भूमिका खेल्न सबै सरोकारवालाहरूको सकारात्मक योगदानको अपेक्षा गर्दछु।

अध्यक्ष,

अज बहादुर शाही

खत्याड गाउ पालिका

## बिषय सूची

हाम्रो भनाइ ........ 2

खण्ड १ ........ 5

१. पृष्ठभुमी ........ 5

१.१. खत्याड गाउ पालिकाको संक्षिप्त परिचय ........ 8

१.२. लैगिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति योजना तयारीको धेय तथा उद्देश्यहरु ........ 8

१.३. लैगिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति योजना तयारी बिधि तथा प्रक्रिया ........ 9

१.४. लैगिक समानता तथा सामाजिक समाबेसीकरणक परिभाषा तथा शब्दावलीहरु ........ 10

खण्ड २ ........ 12

२. खत्याड गाउ पालिकाको लैगिक समानता तथा सामाजिक समाबेसीकरणको अवस्था तथा सन्दर्भ बिश्लेषण ........ 12

२.१. खत्याड गाउ पालिकाको लैगिक समानता तथा सामाजिक समाबेसीकरणको अवस्था ........ 12

२.२. गाउ पालिकाको लक्षित बर्ग नक्शांकन ........ 13

२.३. सरोकारवालाहरुको बिश्लेषण ........ 14

२.४. गाउ पालिकाको लैगिक समानता तथा सामाजिक समाबेसीकरणको दृष्टिबाट सवल पक्ष , कमजोर पक्ष तथा अवसर र चुनौती बिश्लेषण ........ 15

२.५. गाउ पालिका र वडा स्तरको लैगिक समानता तथा सामाजिक समाबेसीकरणको मुख्य समस्या तथा सवालहरु 16

२.६. गाउ पालिकाको लैगिक समानता तथा सामाजिक समाबेसीकरण रणनीतिको लागि मुख्य कार्यक्षेत्रहरु ........ 17

खण्ड ३ ........ 18

३. गाउ पालिकाको लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति योजनाको दीर्घकालीन सोच, लक्ष्य तथा उद्धेश्यहरु ........ 18

३.१. लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति योजनाको दीर्घकालीन सोच ........ 18

३.२. लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति योजनाको धेय ........ 18

३.३. लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति योजनाको लक्ष्य उद्धेश्यहरु ........ 18

३.४. लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति योजनाको उद्धेश्यहरु ........ 18

४. रणनीतिको औचित्य र आवश्यकता ........ 19

५. रणनीति योजनाको मुल्य मान्यता तथा सिद्धान्तहरु ........ 19

६. गाउ पालिकाको लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरणको रणनीतिहरु ........ 21

७. गाउ पालिकाको लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति कार्यान्वयनको कार्य योजना ........ 22

८. गाउ पालिकाको लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति कार्यान्वयनको लागि आवश्यक संस्थागत व्यवस्था ........ 28

८.१. गाउ पालिका स्तरीय लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति कार्यान्वयन समिति गठन........ 28

८.१.१. गाउ पालिकाको लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति कार्यान्वयन समितिको काम कर्तब्य र अधिकार........ 28

८.२. वडास्तरीय लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति कार्यान्वयन समिति गठन.29

८.२.१. वडास्तरीय लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति कार्यान्वयन समितिको काम कर्तब्य र अधिकार........ 29

८.३. बैठक, कार्यविधि र सेवासुविधा........ 30

८.४. सम्पर्क व्यक्ति ........ 30

८.५. लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति कार्यान्वयन लागिको वित्त व्यवस्थापन ........ 31

८.५.१. आर्थिक स्रोत ........ 31

८.५.२. मानवीय स्रोत........ 31

८.६. लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति कार्यान्वयन अनुगमन तथा मुल्यांकन सम्बन्धि व्यवस्था ........ 31

८.७. लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति सम्भावित जोखिम तथा न्युनिकरणका उपायहरु ........ 32

## खण्ड १

### १. पृष्ठभुमी

जब नेपालले २०१५ को संविधान अंगीकार गर्यो, त्यसले समानताको अधिकार (धारा १८), समाजवाद उन्मुख र समानतामा आधारित अर्थतन्त्र निर्माण गर्ने लक्ष्य (धारा ५१), सामाजिक न्याय, तथा सबैका लागि भेदभावमुक्त स्वतन्त्रतालाई देशको सर्वोच्च कानूनी मान्यता दियो। यी संवैधानिक प्रावधानहरूले नेपालले महिलामाथि हुने सबै प्रकारका भेदभाव अन्त्य गर्न १९९७ मा अनुमोदन गरेको सिडा (CEDAW), अभिसन्धि, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय करार, र दिगो विकास लक्ष्य (SDG) २०३० एजेन्डामा गरेको प्रतिबद्धतालाई कानूनी रूपमा थप स्पष्ट, सुदृढ र कार्यान्वयन योग्य बनायो।

नेपालको संविधान २०७२[1] ले स्पष्ट रूपमा लैगिक समानता तथा सामाजिक समाबेशीकरण (लैससास) सुनिश्चित गर्न व्यापक ढाँचा प्रदान गरेको छ, जस्तैः समानताको हक (धारा १८) मा सामाजिक सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पीडित बर्ग, पिछडा बर्ग, अल्पसंख्यक, सिमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, जेष्ठ नागरिक, लैगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्वावस्थाका व्यक्ति, अशक्त वा असहाय पिछडिएका क्षेत्र र आर्थिक रुपले बिपन्न खस आर्य लगायत नागरिकको संरक्षण, शशक्तिकरण वा बिकास सम्बन्धि, छुवाछुत र भेदभावविरुद्धको हक (धारा २४), यस धाराको उपधाराहरुमा प्रस्ट रुपमा उत्पति, जात, जाति, समुदाय, पेशा व्यवसाय वा शारीरिक अवस्थाको आधारमा भेदभाव, स्रोत तथा सेवामा विभेद, कार्यस्थलमा भेदभाव, संविधानिक राष्ट्रिय आयोगहरू र मानव अधिकार संस्थाहरू, जसमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय मधेसी आयोग, राष्ट्रिय मुस्लिम आयोग, राष्ट्रिय आदिवासी आयोग र राष्ट्रिय मानव अधिकार आयोगहरू सामेल छन्; र लैंगिक असमानता र महिलाको सशक्तीकरणसँग सम्बन्धित विभिन्न मौलिक अधिकारहरू, जस्तै समानताको अधिकार, महिलाको अधिकार, महिलाको पक्षमा सकारात्मक भेदभावको प्रावधान र शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा महिलाका लागि विशेष उपायहरूको सुनिश्चितता गरेको छ। संविधान अनुसारका अन्य सकारात्मक प्रावधानहरूमा ऐतिहासिक असमानताहरूको समाधानका लागि सकारात्मक कदमहरू र कुनै पनि लिङ्ग वा जात/सामुहिक आधारमा भेदभावको निषेध समावेस छन्। नेपालको संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ। त्यस्तै गरि महिलाको हक (धारा ३८) मा महिलालाई भेदभाव बिना समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी, राज्यका सवै निकायमा सहभागिता हुने अधिकार, महिला बिरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक मानसिक, यौनजन्य मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण सम्बन्धि कार्यहरुको कानून बमोजिम दण्डनीय हुने व्यवस्था, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेद, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकारको व्यवस्था गरेको छ।दलितको हक (धारा ४०) मा दलितको समानुपातिक समाबेशी, शिक्षामा छात्रवृत्ति, स्वास्थ्य र सामाजिक सुरक्षा, परम्परागत पेशाको संरक्षण सम्बन्धि व्यवस्था गरिएको छ।

[1] नेपालको संबिधान २०७२

त्यसैले, महिला, दलित, जनजाति, मधेसी तथा अपांगता भएका व्यक्तिसहित प्रत्येक नागरिकले भूमि अधिकार, कृषि नीतिनिर्माणमा सहभागिता, र कृषिको आधुनिकीकरणबाट प्राप्त फलको समानरूपमा लाभ लिन पाउने अवसर सुनिश्चित हुनुपर्छ। तर व्यवहारमा यो अवस्था संविधानले परिकल्पना गरेको आदर्शभन्दा निकै फरक छ। नेपालको संविधानका प्रमुख उद्देश्यहरूमध्ये एक *नीति तथा प्रणालीहरूलाई समावेशी बनाउनु*हो, जसले विशेषगरी महिलाहरू तथा ऐतिहासिक रूपमा बहिष्कृत समुदायहरूको अधिकार सुनिश्चित गर्ने स्पष्ट व्यवस्था गर्दछ। यसले जात, वर्ण, क्षेत्र, भाषा, धर्म र लिङ्गका आधारमा हुने भेदभाव अन्त्य गर्दै समानुपातिक समावेशीता र सहभागिताका सिद्धान्तहरूमार्फत समतामूलक समाज निर्माण गर्ने, तथा न्यायपूर्ण अर्थतन्त्र, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न आह्वान गर्छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ प्रस्तावनामा लैङ्गिक समानता तथा सामजिक समावेशीकरण (लैससास) सम्बन्धी केहि व्यवस्था उल्लेख गरिएको छ। यस व्यवस्थाको दफा ११ को गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको उपदफा २ (त) मा  ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापनको जिम्मेवारी अन्तरगत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने अधिकार प्रदान गरेको छ, उपदफा ४ (च) मा सामाजिक सुरक्षा तथा गरिबी निवारण अन्तरगत लक्षित समूह सम्बन्धि स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन, दफा १२ को वडा समितिको काम, कर्तव्य र अधिकारको उपदफा २ (क) मा वडा भित्रको योजना तर्जुमा सहभागितामुलक योजनाको व्यवस्था छ भने दफा २४ को उपदफा (२) मा स्थानीय तहले योजना तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य समयसिमा र प्रकृयासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिबर्तन अनुकूल, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था उल्लेख गरिएको छ।यसैगरी सोही दफाको उपदफा (३) गाउँपालिका तथा नगरपालिकाले आफ्ना योजना, नीति तथा बजेट तर्जुमा गर्दा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनि उल्लेख गरेको छ।

संयुक्त राष्ट्रसङ्घको साधारण सभाद्वारा स्वीकृत सन् २०१६—२०३० को दिगो विकास एजेन्डाले १७ वटा दिगो विकास लक्ष्य र १६९ उपलक्ष्यहरू निर्धारण गरेको छ। तीमध्ये *दिगो विकास लक्ष्य ५* ले लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूलाई सशक्त बनाउने उद्देश्य प्रस्तुत गर्दछ। यस लक्ष्य अन्तर्गतका उपलक्ष्यहरू निम्नानुसार छन्:

- **लक्ष्य ५.१:** सबै स्थानमा महिला र बालिकाहरू माथि हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने।
- **लक्ष्य ५.२:** सार्वजनिक तथा निजी दुवै क्षेत्रहरूमा महिलाहरू र बालिकाहरू विरुद्ध हुने सबै प्रकारका हिंसा, तस्करी, यौन शोषण तथा अन्य किसिमका शोषणहरू समाप्त गर्ने।
- **लक्ष्य ५.३:** बालविवाह/कम उमेरमा विवाह, जबर्जस्ती विवाह तथा अन्य सबै हानिकारक परम्परागत अभ्यासहरूको अन्त्य गर्ने।
- **लक्ष्य ५.४:** राष्ट्रिय रूपमा उपयुक्त सार्वजनिक सेवा, पूर्वाधार तथा सामाजिक सुरक्षा नीतिहरूमार्फत हेरचाह कार्य र घरेलु कामको मूल्याङ्कन र मान्यता दिने, साथै घरायसी तथा पारिवारिक तहमा साझा जिम्मेवारी प्रवर्द्धन गर्ने।

- **लक्ष्य ५.५:** राजनीतिक, आर्थिक र सार्वजनिक जीवनका सबै तहहरूमा महिलाहरूको पूर्ण, अर्थपूर्ण प्रभावकारी सहभागिता तथा नेतृत्व सुनिश्चित गर्न समान अवसर प्रदान गर्ने।
- **लक्ष्य ५.६:** अन्तर्राष्ट्रिय जनसंख्या तथा विकास सम्मेलन (ICPD) को कार्यकम, बेइजिङ प्लेटफर्म फर एक्शन तथा तिनका समीक्षा सम्मेलनहरूको नतिजा अनुसार यौन तथा प्रजनन स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच र प्रजनन अधिकार सुनिश्चित गर्ने।

नेपालको [2]सोहौं योजना (आर्थिक वर्ष २०८१/०८२- २०८६/०८७) को संरचनात्मक रूपांतरणका प्रमुख क्षेत्र अन्तर्गत बुदा ७ ले लैगिक समानता, सामाजिक न्याय तथा समाबेशी समाज र बुदा ९ मा गरिबी तथा असमानता न्युनिकरण र समतामूलक समाज निर्माण गर्ने लक्ष्य राखेको छ, जस अन्तरगत लैगिक विकास सूचांक ०.८८५ बाट ०.९६७ पुरयाउने, लैगिक असमानता सूचांक ०.४९५ बाट ०.२२५ घटाउने, रोजगारीमा महिला र पुरुषको सहभागिता १:१.७ बाट १:१.२ अनुपातमा पुरयाउने, हिंसा पिडित महिलाको संख्या २३.४ प्रतिशत बाट २० प्रतिशतमा झार्ने, स्थानीय तहमा महिला सहभागिता ४५ प्रतिशत, सार्बजनिक सेवामा २९.५ बाट ३५ प्रतिशत पुराउने, घर जग्गामा महिला स्वामित्व २३.८ बाट ३५ प्रतिशत पुराउने, श्रम शक्तिमा महिला सहभागिता २६.३ बाट ३५, सार्बजनिक नीति निर्माण तहमा १३.७ बाट २० प्रतिशत पुराउने, लैंगिक उत्तरदायित्व बजेटको अनुपात ४० बाट ५० प्रतिशत पुराउने, जेस्ठ नागरिक दिवा सेवा केन्द्र स्थापित गर्ने योजना बनाएको छ।

राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ ले  विद्यमान र नयाँ नीतिगत ढाँचाहरूलाई अझ बढी लैङ्गिक-मैत्री बनाउन जोड दिएको छ।यस नीतिले निवारक, उपचारात्मक र नियामक उपायहरू मार्फत सामाजिक मूल्य र मान्यताहरूमा  सकारात्मक परिवर्तन गरेर लैङ्गिकतामा -आधारित हिंसा विरुद्ध लड्ने लक्ष्य राख्छ।

साथै, स्वरोजगार, रोजगारी तथा उद्यमशीलतामा केन्द्रित एकीकृत कार्यक्रमहरूको माध्यमबाट महिलाको आर्थिक सशक्तिकरणलाई सुदृढ गर्ने प्रावधान गरेको छ। यसबाहेक, परम्परागत लैङ्गिकतामा -आधारित श्रम विभाजनलाई चुनौती दिंदै र श्रम बजारमा महिलाको बढी सहभागिता प्रवर्द्धन गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन र वृद्धि गर्ने उद्देश्य पनि यस नीतिले समेटेको छ।

नेपालको मानव विकास सूचाङ्क[3] ०.४११, लैङ्गिक विकास सूचक ०.८८६, लैङ्गिक असमानता सूचकाङ्क ०.४७९ बहुआयामिक गरिबी सूचाकाङ्क ०.२३० र महिला पुरुषको श्रमशक्ति सहभागिता दर ३५.८ प्रतिशत रहेको छ।नेपालको कुल जनसङ्ख्याको करिब १.९४ प्रतिशत जनसङ्ख्यामा कुनै एक वा बढी प्रकारको अपाङ्गता देखिएको छ।पन्ध्रौं योजना अनुसार मुलुकमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १८.७ र बहुआयमिक गरिबी २८.६ प्रतिशत छ।

संविधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशी सिद्धान्तका आधारमा स्थानीय तहका सबै नीति योजना, कार्यक्रम तथा संरचनाका सबै अङ्गहरुमा महिला, दलित, आदिवासी/जनजाती, मजदुर, किसान,

[2] सोह्रौं योजना (आर्थिक वर्ि २०८१/८२-२०८५/८६)

[3] Nepal Human Development Index 2021/022

अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समान सहभागी गराई लैङ्गिक समानता तथा सामाजिक समावेशीमैत्री गाउँपालिका बनाउने परिकल्पना अनुरुप लैससास मूलप्रवाहीकरणको माध्यमबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतिलाई संस्थागत गर्न आवश्यक देखिएकोले खत्याड गाउ पालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" मूलप्रवाहीकरण रणनीतिक योजना तर्जुमा गरिएको छ।

## १.१. खत्याड गाउ पालिकाको संक्षिप्त परिचय

वि.स.२०७३ साल फाल्गुन २७ गते संघिय संरचना निर्धारण भएको मिति अनुसार खत्याड गाउँ पालिकाको[4] गठन भएको हो । यस गाउँपालिकामा पहिलेका साविक ह्याङलु, कोटडाँडा, सुकाढिक, गम्था, खमाले, सेरी, श्रकोट समेत ७ गा.वि.स. गाभेर यो गाउँपालिकाको निमार्ण भएको हो। यस गाउँपालिकाको क्षेत्रफल २८१.१२ वर्ग कि.मी रहेको, यहाँ ११ वडा ५७ टोल रहेका र क्षेत्री, ठकुरी, ब्रामाण, दलित, गिरि, वन, खत्री, ढोली, विटालु, चदारा, जस्तै विविध जातजातीको बसोबास रहेको र हिन्दु धर्म मान्नने अधिकांश बासीन्दा रहेका छन् । खत्याड गाउँपालिकामा[5] जम्मा ३,५२५ घरधुरी छन् भने २०७८ को जनगणना अनुसार १८,८३२ जनसंख्या रहेको छ, जसमा महिलाको जन संख्या ४९.५% (९३१९), अपांगता भएका व्यक्तिको संख्या ३.५% जसमा महिला २.८% र पुरुष ४.१ % छ । जातियतामा यो पालिका विश्वकर्मा १५.७%, मिजार ६.२%, परियार २.७%, कुमाल ०.२%, सन्यासी/ दसनामी ०.३%, र अन्य ०.२% भने ९९.५% ले हिन्दु धर्म मान्छन। जनसंख्या को १६,८३९ मा ६१.१% महिला शिक्षित छन् र मुख्यतया कृषि पेशामा संलगन छन् ।

खत्याड गाउँपालिकाको पूर्वमा छायाँनाथ रारा न.पा. पश्चिममा बाजुरा जिल्ला उत्तरमा सोरु गाउँपालिका दक्षिणमा जुम्ला र कालीकोट जिल्ला रहेका छन् भने यस गाउँपालिकामा जम्मा ११ वडाहरू रहेका छन् । जसमा १ नं. वडा कार्यालय मसाने ,२ नं. वडा कार्यालय जाम, ३ नं. वडा कार्यालय रानाकोट, ४ नं. वडा कार्यालय माथिचौर, ५ नं. वडा कार्यालय खमाले, ६ नं. वडा कार्यालय लाम्रु, ७ नं. वडा कार्यालय गम्था, ८ नं. वडा कार्यालय आम, ९ नं. वडा कार्यालय नखर्जि, १० नं. वडा कार्यालय ह्ययाङग्लु, ११ नं. वडा कार्यालय रातापानिमा रहेका छन् ।

## १.२. लैगिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति योजना तयारीको धेय तथा उद्देश्यहरु

क) स्थानीय तहको लैगिक समानता तथा सामाजिक समाबेशीकरण - लैससास (GESI) नीति निर्माणको उद्देश्यः स्थानीय सरकारको लागि सन्दर्भबद्ध, र कार्ययोग्य लैससास रणनीति विकास गर्ने, जसले विकास कार्यान्वयनहरू लैङ्गिक-उत्तरदायी र सामाजिक रूपमा समावेशी छन् भनी सुनिश्चित गर्दछ ।

ख) लैससास (GESI) जवाफदेहिता संयन्त्रलाई संस्थागत गर्ने।

रणनीतिक योजनाका विशेष उद्देश्यहरुः

क) गाउँ/ नगरपालिकामा लैससास सम्बन्धी शासन व्यवस्थाको प्रवर्द्धन गर्ने ।

ख) पालिकाको योजना तर्जुमा प्रकृयालाई लैससासमैत्री बनाउने ।

---

[4] https://khatyadmun.gov.np/

[5] http://censusnepal.cbs.gov.np/ NPHC-2021

ग) पालिकाको नीति तथा कार्यक्रम र बजेटलाई लैङ्गिक उत्तरदायी बनाउने ।

घ) पालिकाको नीति, कानून, संरचना, कार्यक्रम, योजनाका सबै प्रकियाहरुमा महिला तथा सामाजिक रुपमा पिछडिएका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

ङ) सरोकारवालाहरु बिच लैससासको बुझाईमा एकरुपता कायम गर्न र लैससास सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनमा सहयोग गर्ने ।

च) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धताहरु, कार्य योजनाहरु तथा दिगो विकास लक्ष्य प्राप्त गर्न सहयोग गर्ने।

छ) लक्षित वर्गमा सामाजिक न्याय कायम गर्दै स्रोत र साधनको न्यायोचित वितरणको व्यवस्था गर्ने।

## १.३. लैगिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति योजना तयारी बिधि तथा प्रक्रिया

खत्याड गाउ पालिकाको लैगिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति योजना तयार गर्दा समाबेशी सहभागितामूलक तथ्यांक संकलन, गाउपालिकाका स्थानीय सरोकारवाला, बिषयगत शाखाका कर्मचारी र सहयोगी संस्थाका कर्मचारी संगको अन्तर्वार्ता र लक्षित समूहसंगको छलफल तथा विभिन्न दस्तावेज र नेपाल सरकारका तथ्यांकहरुको संयोजन साथै रणनीति तयारी, परामर्श गोष्ठी र मस्यौदा प्रस्तुतीकरण बैठक द्वारा खत्याड गाउ पालिकाको लैगिक समानता तथा सामाजिक समाबेशीकरण मुलप्रवाहीकरण रणनीति तयारी गरिएको छ । गाउँपालिकाको लैससास मूलप्रवाहीकरण रणनीति तर्जुमाका लागि देहायका विधिहरु अवलम्वन गरिएको छ।

क) दस्तावेज अध्ययनः कार्यपालिकाबाट तोकिएका सदस्य तथा कर्मचारी र विज्ञ टोलीले नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, सोहौं योजना, लैङ्गिक समानता नीति २०७७ मा भएका लैससास सम्बन्धि प्रावधानहरु, दिगो विकासका लक्ष्य, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्दताहरु, स्थानीय सरकारको समावेशीकरण नीति २०७८, कर्णाली प्रदेशको प्रथम आवधिक योजना तथा गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम, बार्षिक प्रगती प्रतिवेदन, आदी दस्ताबेजहरु अध्ययन गरिएको थियो।

ख) मुख्य सरोकारवालाबाट जानकारी तथा परामर्श कार्यशालाः गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, महिला तथा बालबालिका शाखा साथै संघसंस्थाका प्रमुखहरुसंग अन्तवार्ता र छलफल गरी जानकारी संकलन गरियो। त्यसै गरी गाउँपालिका अध्यक्ष, उपाध्यक्ष सहित कार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत तथा बिषयगत शाखा प्रमुख तथा प्रतिनिधिहरु, लक्षित समुहका प्रतिनिधिको उपस्थितिमा १ दिने लैसाससको बारेमा छलफल तथा लैससासको पालिका र वडा स्तरीय कार्यान्वयन समिति गठन गरिने गरि कार्यशाला गोष्ठी संचालन गरियो र पालिकाका सबै दस्ताबेज अध्ययन गरियो। सो कार्यशालामा समुहगत छलफलबाट गाउँपालिकाको अवस्था विश्लेषण, सवाल पहिचान तथा लक्षित समुहहरुको नक्साङ्कन गरी प्राथमिकिकरण गरियो।

ग) लक्षित वर्ग केन्द्रित छलफलः कार्यशाला गोष्ठीको छलफल र समुहगत कार्यबाट प्राथमिकिकरणमा परेका लक्षित समुहहरुसंग (महिला किसान, छोटो अवधिका लागि बसाई सर्ने समुदाय, जनजाती र

दलित, महिला) छलफल गरियो। समुह केन्द्रित छलफलवाट समुदायमा रहेका लक्षित वर्गको अवस्था र आवश्यकताको वारेमा जानकारी संकलन गरियो।

घ) मसौदा प्रस्तुतिकरण बैठकः माथि उल्लेख भए बमोजिमका विधिद्वारा प्राप्त सुचनाको विश्लेषणको आधारमा तयार पारिएको मस्यौदा रणनीति योजना बारे गाउपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको बैठकमा प्रस्तुत गरी छलफलबाट प्राप्त सुझावलाई समावेश गरी अन्तिम रुप दिईएको थियो।

## १.४. लैगिक समानता तथा सामाजिक समाबेसीकरणक परिभाषा तथा शब्दावलीहरु

क) "गाउपालिका" भन्नाले खत्याड गाउँपालिकाका सम्झिनु पर्छ।

ख) "लैङ्गिक समानता" भन्नाले महिला र पुरुषवीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ।

ग) "सामाजिक समावेशीकरण" भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिबी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समुहहरुलाई विकास निर्माण र कार्यसम्पादन प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ।

घ) "लैससास" भन्नालै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बुझ्नुपर्दछ।

ङ) "योजना" भन्नाले समग्र विकास निर्माण सम्बन्धि कार्यको लागि तयार गरिएको नगरपालिकाको आवधिक विकास योजना, वार्षिक विकास योजना, विषयगत क्षेत्रगत गुरुयोजना, रणनीतिक योजना आदि सम्झनु पर्छ।

च) "लैङ्गिक समानता तथा सामाजिक समावेशी बजेट" भन्नाले महिला, विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका ब्यक्ति, बालबालीका तथा ज्येष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागितामुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ। सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ।

छ) "गैरसरकारी संस्था" भन्नाले प्रचलित कानून वमोजिम स्थापना भएका स्थानीय तहको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ।

ज) "स्थानीयकरण" भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाउँ विशेषको परिस्थिति वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एबं अधिकतम उपयोग गर्ने प्रक्रियालाई सम्झनु पर्दछ।

झ) “बञ्चित समुह“ भन्नाले परम्परागत रुपमा लामो समय देखि जातीय, आर्थिक,लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिकअल्पसङ्ख्यक एवम भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी, जनजाती, अपाङ्ग, ज्येष्ठ नागरिक एवम् दुर्गम क्षेत्रमा बसोवास गर्ने जनता सम्झनु पर्दछ।

ञ) “सिमान्तीकृत” भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि परेका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सिमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ।

ट) “लैङ्गिकसमता” भन्नाले अवसर र न्यायबाट वञ्चित महिला पुरुष वा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूहलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने बिशेष प्रयासलाईसम्झनु पर्छ।

ठ) “लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण” भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्वन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवम् सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्छ।

ड) “लक्षित समूह” भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूह तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू, सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरूतथा पिछडावर्ग एवम नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम समुदाय सम्झनु पर्छ।

ढ) “लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट” भन्नाले स्थानीय सरकारको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूह, अपांगता भएका व्यक्ति, बालबालिका तथा ज्येष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ।लैङ्गिकसमानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिकसमानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलव्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्छ।

ण) “लैङ्गिक मूलप्रवाहीकरण” भन्नाले कुनै पनि योजनावद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ।

त) “लैङ्गिक उत्तरदायी बजेट” भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ।

थ) “सामाजिक वञ्चितीकरणमा परेका समूहहरू” भन्नाले महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूह, दलित, आदिवासी जनजाति, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका नागरिकलाई बुझाउंदछ।

द) “लैङ्गिक प्रभाव विश्लेषण” भन्नाले नीति तथा अभ्यासहरुको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनावाट महिला एवम पुरुष कति लाभान्वीत भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ।

ध) “सशक्तीकरण” भन्नाले विकासका अवसरहरुवाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका, अशक्त वा कमजोर वर्गलाई सूचना, पहुँच, क्षमता, र आवाजका हिसाबले सशक्त र सवल बनाउने कार्यलाई सम्झनु पर्दछ।

## खण्ड २

## २. खत्याड गाउ पालिकाको लैगिक समानता तथा सामाजिक समाबेसीकरणको अवस्था तथा सन्दर्भ बिश्लेषण

### २.१. खत्याड गाउ पालिकाको लैगिक समानता तथा सामाजिक समाबेसीकरणको अवस्था

खत्याड गाउँपालिकाको [6]वार्षिक नीति तथा कार्यक्रम २०८२/०८३ मा लैससास लाई प्रवर्द्दन गर्दै जाने नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने अभ्यास गरेको छ जसमा स्थानीय स्रोत साधनमा आधारित भइ सहभागिताको अभिबृद्धि गर्ने योजना, लैगिक समानता, सामाजिक समाबेशीकरण अभिबृद्धि गर्ने योजना, तथा लक्षित बर्गको जिविकोपार्जनमा प्रत्यक्ष सहयोग पुरयाउने योजना जस्ता योजनाहरुलाई प्राथमिकतामा राखीएको छ। खत्याड गाउ पालिकाको वार्षिक नीति तथा कार्यक्रम २०८२/०८३ को बिषयगत तथा क्षेत्र- लैगिक समानता तथा सामाजिक समाबेशीकरण अन्तरगत हक अधिकारको लागि सशक्तिकरण कार्यक्रम, महिला संजाल निर्माण गरि महिला हित कार्यक्रमलाई प्रथामिकरंमा राखीएको छ।महिला तथा बालबालिका, जेस्ठ नागरिक शाखा तथा न्यायिक समितमा सिपमुलक तालिमको लागि बजेट बिनियोजन गरिएको छ। गाउ पालिकामा [7]उपाध्यक्षसंग महिला सशक्तिकरण रोजगार तथा आत्मनिर्भर कार्यक्रम संचालन कार्यविधि, २०७९, एकल महिला सुरक्षा कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०८१, तथा मुक्त हलिया पुनः स्थापना कार्यविधि २०८२ निर्माण गरेको छ। वार्षिक योजना तथा बजेट विनियोजन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीको लागि छुट्टै शीर्षकमा बजेट विनियोजन गर्ने गरेको छ। साथै आर्थिक रुपले विपन्न लगायत नागरीकको संरक्षण, सशक्तीकरण , सचेतना विकासका लागि आय आर्जनका कार्यक्रमहरु रहेका छन् ।स्थानीय तह भित्र विपन्न तथा गरिब परिवारको पहिचान गरी आर्थिक तथा सामाजिक सशक्तिकरणको लागि पालिकाले विभिन्न सीप विकास तथा आयआर्जनका कार्यक्रमहरु गर्दै आएका छन् ।

[6] www.khatyadmun.gov.np/sites/khatyadmun.gov.np/ वार्षिक नीति तथा कार्यक्रम २०८२/०८३

[7] www.khatyadmun.gov.np/act-law-directives

## २.२. गाउ पालिकाको लक्षित बर्ग नक्शांकन

खत्याड गाउपालिकाको प्रोफाईल अध्ययन, बस्तुस्थिति विश्लेषण, कार्यशाला गोष्ठि, मुख्य सुचनादाताहरु संगको अन्तरवार्ता, लक्षित समूहसंगको छलफल र अन्तरकृयावाट यस गाउँपालिकाको लक्षित समुदाय र लैससाससँग सम्वन्धित सवालहरु निम्न रहेका छन।

| मुख्य लक्षित बर्ग | समस्या तथा सवाल |
|---|---|
| महिला | • परम्परागत सोच<br>• शिक्षामा कमि<br>• सिपमूलक कार्यक्रमको कमी, सीप तथा तालिम योजनामा सहभागी हुन नपाउने<br>• भौगोलिक बिकटता<br>• परिवारको सदस्यको मौसमी बसाई सराईले काममा बोझ |
| अपांगता भएका वर्गहरु | • स्वास्थ्य, शिक्षा मा पहुँच नहुनु<br>• क्षमता अनुसारको रोजगारिकों अभाव<br>• अपाङ्गता मैत्री भौतीक संरचना नहुनु<br>• पूर्ण आपाङ्गता भएका व्यक्तिको दैनिक हेरचाह तथा स्याहार गर्नुपर्ने हुँदा  परिवारको सदस्य व्यस्त भइ आर्यआर्जन गर्न कठिनाई<br>• सहायक सामाग्रीको सहजै उपलब्धता नहुनु |
| दलित | • शिक्षामा कमि<br>• निर्णायक तहमा असहभागिता<br>• समाजको परम्परागत सोच, विभेद, हेपाई<br>• आर्थिक रुपले गरिब<br>• स्रोत र साधनमा न्युन पहुँच<br>• सुचनाको पहुँचमा अभाव<br>• शिक्षमा न्यून पहुँच साथै मौसमी बसाई सराईले बालबालिकामा बिद्यालय छोड्ने समस्या |
| बिपन्न वर्ग/समुदाय | • राज्यको सम्बन्धित निकायको पहुँचमा समस्या<br>• सुचनाको पहुँचमा अभाव<br>• स्रोत, सेवाबाट बन्चित |
| जेस्ठ नागरिक | • आत्मसम्मान, संरक्षण<br>• सीप तथा ज्ञानको उपयोग |
| मुक्त हलिया | • स्रोत साधनको पहुँचमा कमि<br>• आर्थिक रुपले विपन्न<br>• अशिक्षित र<br>• परम्परागत सोच |
| भूमिहीन | • विपन्नता र पिछड़ा वर्ग |

| | |
|---|---|
| खलिया प्रथा | • पहुँचको सुनिश्चिता<br>• भूमिहीन<br>• परम्परागत जातीय सोच कायम हुनु |

## २.३. सरोकारवालाहरुको बिश्लेषण

लैससासको रणनीतिको प्रभावकारी कार्यान्वयन तथा यस क्षेत्रमा काम गर्नको लागि विभिन्न सरकारी तथा गैर सरकारी दातृ साझेदारहरु, सामुदायिक संस्थाहरु र नागरिक संस्थाहरू नै मुख्य सरोकारवाला हुन। गाउँपालिकाका क्षेत्रमा लैससास रणनीति तर्जुमा तथा कार्यान्वयन गर्न मुख्य सरोकारवालाहरु र लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरणको लागि सरोकारवालाको भूमिका र कामः

| मुख्य सरोकारवालाहरु | लैससस मुलप्रवाहीकरणको लागि सरोकारवालाको भूमिका र काम |
|---|---|
| गाउ पालिका | • नीति, नियम, तथा कानून बनाउने<br>• मापदण्ड तयार गन्ने तथा कार्यान्वयन गर्ने/गराउने<br>• लैससासको लागि आवश्यक बजेट बिनियोन गर्ने |
| महिला तथा बालबालिका विकास शाखा | • लैससास सम्बन्धी वनेका रणनीतिको कार्यान्वयन गराउने<br>• महिला बालबालिका तथा लक्षित वर्गको क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने<br>• लैससासको शीर्षकमा विनियोजन भएको बजेटको समयमा नै खर्च गर्ने |
| न्यायिक समिति | • गाउँपालिका तहमा आएका आफ्ना अधिकार क्षेत्र भित्रका सवालहरुमा निर्णय गर्ने र अन्य मुद्दाहरुमा सम्बन्धीत निकायमा सिफारीस गर्ने<br>• सबै वडातहमा मेलमिलाप केन्द्र संचालन गर्ने |
| वडा समिति | • योजना छनोट प्रकृयामा महिला तथा लक्षित वर्गसंग छुट्टा छुट्टै छलफल गरी उनिहरुको व्यवहारीक र रणनीतिक आवश्यकताको आधारमा योजनाको प्रथमिकिकरण गर्ने<br>• टोल स्तरमा लैससास सम्वन्धी सचेतना कार्यक्रम गर्ने |
| मेलमिलाप कर्ता | • वडा स्तरमा हुने विवादको समाधान तथा समाधान हुन नसक्ने मुद्दालाई न्यायिक समिति तथा अन्य निकायमा सिफारीस गर्ने। |
| नागरिक समाज | • हक अधिकार संरक्षणका लागि अगुवाई गर्ने<br>• महिला तथा बञ्चितिकरणमा परेका समूहका लागि सामाजिक परिचालनका क्रियाकलापहरुमा सहयोग गर्ने<br>• समावेशी सवालमा अवाज उठाउने र कार्यगत सिकाईको अभिलेखिकरण गर्ने<br>• सामाजिक विभेद तथा कुरुती विरुद्द आवाज उठाउने र जनचेतनामुलक कार्यक्रम गर्ने |
| राजनैतिक दल | • समाजसेवी नीति निर्माणमा सरकारलाई दवाव तथा सल्लाह दिने |
| शैक्षिक संस्थाहरू | • जनचेतनामूलक कार्यक्रम मार्फत समुदायमा जागरण अभियान संचालन गर्ने । |

| | |
|---|---|
| गैर सारकारी संस्थाहरू | • सरकारका कानून कार्यान्वयनमा समन्वयात्मक, सहयोगात्मक, सहयोग गर्ने |
| CLC सामुदायिक सिकाई केंद्र | • महिला तथा वञ्चितिकरणमा परेका समूहहरुका लागि सहयोग पुर्याउने<br>• महिलाको क्षमता विकास गर्ने |
| प्रहरी | • शान्ति सुरक्षा कायम गर्ने गराउने |
| आमा समूह | • कार्यक्रम कार्यान्वयनका लागि साझेदारीको रुपमा काम गर्ने<br>• समाजमा विद्यमान विभेदकारी प्रचलनका विरुद्द आवाज उठाउने र छलफल गराउन सहयोग गर्ने<br>• सेवा प्रदायक निकाय ,संघसंस्थाको व्यवहार ,कार्यशैली एवं क्रियाकलापहरुको निगरानी गर्ने |
| धार्मिक गुरु | • कार्यक्रम कार्यान्वयनका लागि साझेदारीको रुपमा काम गर्ने<br>• समाजमा विद्यमान विभेदकारी प्रचलनका विरुद्द आवाज उठाउने र छलफल गराउन सहयोग गर्ने<br>• लैससास सम्बन्धि क्रियाकलापको सूचना प्रवाह गर्ने |

## २.४. गाउ पालिकाको लैगिक समानता तथा सामाजिक समाबेसीकरणको दृष्टिबाट सवल पक्ष , कमजोर पक्ष तथा अवसर र चुनौती  विश्लेषण

### सवल पक्ष र सुधार गर्नु पर्ने

| सवल पक्ष | सुधार गर्नु पर्ने |
|---|---|
| • सामाजिक सुरक्षा भत्ता वितरण भएको<br>• राज्यको निकायमा पहुँच र समावेशिकरण प्रतिनिधित्व<br>• जेष्ठ नागरिक सम्मान कार्यक्रम<br>• स्तनपान कक्ष/पोषण कर्नर बनेको<br>• गाउँपालिकामा लैससासको शीर्षकमा बजेट विनियोजन भएको<br>• अपाङ्गता भएका व्यक्तिहरुलाई शारीरिक अवस्थाको आधारमा परिचय पत्र र सहुलियत कार्यक्रम<br>• गाउँपालिकाले गठन गर्ने उपभोक्ता समितिमा महिला तथा लक्षीत वर्गको प्रतिनिधित्व<br>• गाउँपालिका भित्रको सरकारी कार्यलमाहरुमा छात्रा तथा महिला मैत्री शौचालय | • लैससास संबंधी नीति, कानून निर्माण गर्ने र कार्यविधिहरुको लैससास दृष्टिकोणले पुनरावलोकन गर्ने र नयाँ बन्ने नीति, कार्यविधि तथा निर्देशिकालाई लैससास मैत्री बनाउन लैससास कार्यान्वयन समिति गठन गर्नुपर्ने<br>• अर्थपूर्ण पहुँचमा सुधार गर्नु पर्ने<br>• लैससास बजेट पर्याप्त नहुनु, सड्क पहुँच नहुनु<br>• समिति गठन गर्नु पर्ने, क्षमता बिकास र लक्षित कार्यक्रम संचालन गर्नु पर्ने<br>• महिला विकास शाखामा यथेष्ठ  जनशक्ति नभएको<br>• योजना तथा बजेट तर्जुमा प्रकृयामा  महिला तथा लक्षीत वर्गको अर्थपूर्ण सहभागिता गराई त्यस वर्गको व्यवहारिक तथा रणनीतिक आवश्यकताको आधारमा योजना तथा कार्यक्रमको छनौट गर्ने<br>• गाउँपालिकाको सबै संरचनाहरु अपाङ्गता मैत्री , महिला तथा बाल मैत्री बनाउनु पर्ने |

| | |
|---|---|
| • सुत्केरी तथा गर्भवती महिलालाई पोषण युक्त कार्यक्रम<br>• गरिब तथा विपन्न परिवारका बालबालिकालाई निशुल्क दिवा खाजाको व्यवस्थापन<br>• बेरोजगार युवाहरुको पहिचान गरी प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारी उपलब्ध गराईएको | • लैससासको लागि आवश्यक खण्डिकृत तथ्यांक सङ्कलन र अभिलेखिकरण गर्नुपर्ने<br>• महिला हिंसा ,घरोलु हिंसा निवारण तथा महिलाको नेतृत्व तहमा सक्रिय तथा अर्थपूर्ण सहभागिताको लागि रणनैतिक कार्यक्रम लागु गर्नु पर्ने<br>• महिला तथा लक्षित वर्गको आर्थिक तथा सामाजिक सशक्तीकरण सम्बन्धी कार्यक्रमहरु गर्नुपर्ने<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा महिला तथा सबै लक्षित वर्गको सहभागिता गर्नुपर्ने<br>• गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन प्रणालीलाई लैससास मैत्री बनाउनु पर्ने। |

## अवसरहरु र चुनौतिहरु

| अवसरहरु | चुनौतिहरु |
|---|---|
| • गाउँपालिकालाई आफ्नो आवश्यकता अनुसार सङ्घीय तथा प्रदेशको कानून सँग नबाझिने गरी नीति, निर्देशिका तथा कार्यविधि निर्माण तथा कार्यान्वयनको अधिकार<br>• लैससास लाई प्रवर्द्धन र प्रोत्साहन गर्न संवैधानिक प्रावधान, स्थानीय सरकार सञ्चालन ऐन र राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु गाउँपालिकाको बजेट सिमा निर्धारण समितिलाई लैससासको क्षेत्रमा आवश्यकता अनुसार बजेट विनियोजन गर्ने अधिकार हुनु<br>• सामाजि सुरक्षा भतता घर दैलोंबाट प्राप्त गर्नु<br>• शिक्षा तथा सीप बिकासको बिस्तार गर्नु<br>• सामुदायिक सचेतनमा बृद्धि<br>• आर्थिक उद्धम तथा रोजगरिकों अवसर, महिला उधमशीलता कार्यक्रम, अभिमुखिकारण कार्यक्रम | • गाउँपालिकाको सम्पूर्ण संरचनागत प्रणालीमा सबै वर्ग ,लिङ्ग ,क्षेत्र ,जातजाति र समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित हुन नसक्नु, सम्पूर्ण लाई शैक्षिक मूलधारमा ल्याउन नसक्नु<br>• लैङ्गिक हिंसा तथा सामाजिक कुरीति हरुको अन्त्य गर्नु ।<br>• विभिन्न लिङ्ग, वर्ग र जातजाति बीच सामाजिक तथा सांस्कृतिक धारणा, व्यवहारगत विभेद कायम रहनु<br>• ऐन, नीति तथा कानूनको व्यवहारिक कार्यान्वयन हुँदा यथास्थितिवादि सोचमा अपेक्षाकृत परिवर्तन नहुनु |

## २.५. गाउ पालिका र वडा स्तरको लैगिक समानता तथा सामाजिक समाबेसीकरणको मुख्य समस्या तथा सवालहरु

क) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी नीति, कार्यविधि तथा रणनीति नहुनु।

ख) गाउपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा पदाधिकारीहरुको लैससास प्रति कम संवेदनशील रहनु।

ग) गाउपालिकाको नीति, कार्यविधि, योजना छनोट तथा बजेट तर्जुमा प्रकृयामा महिला तथा लक्षित वर्गको पहुँचमा कमि हुनु।

घ) गाउँपालिकामा समतमूलक तरिकाले सार्बजनिक सेवा प्रबाह नहुनु, सूचना, सेवा प्रवाह संयन्त्र र प्रकृया लैससासमैत्री नहुनु।

ङ) गाउँपालिकाको योजना तर्जुमा प्रकृयामा महिला तथा लक्षित वर्गको व्यवहारिक तथा रणनीतिक आवश्यकताको पहिचान नहुनु।

च) गाउँपालिकाको हरेक क्षेत्र तथा कार्यमा महिला तथा लक्षित बर्गको अर्थपूर्ण सहभागिता नहुनु (बिबिधता) ।

छ) लैससासको समस्या तथा सवालहरुको सम्बोधन हुन नसक्नु

ज) दलित महिला, सिमान्तकृत र पिछडिएको समुदायको शिक्षामा पहुँच नहुनु,, आर्थिक अभाव, लैङ्गिक तथा घरेलु हिंसा, सामाजिक कुरीति र कुप्रथामा ग्रसित हुनु।

झ) लैङ्गिक उत्तरदायी बजेट विनियोजन तथा नियमित रुपमा लैससास परिक्षण नहुनु।

ञ) गाउँपाचलिकाको लैससास सम्बन्धी विस्तृत खण्डकृत तथ्याङ्कको संकलन र अद्यावधिकको अभाव हुनु।

ट) गाउपालिका तथा समुदाय स्तरको निर्णायक तहमा महिला तथा लक्षित वर्गको न्युन पहँच हुनु।

ठ) लैससासको क्षेत्रको लागि दक्ष जनशक्ति तथा बित्तीय ब्यवस्थापन गर्न नसक्नु।

ड) मुक्त हलिया, खलिया, र भूमिहीनको सवालहरु सुनिश्चित नहुनु।

## २.६. गाउ पालिकाको लैगिक समानता तथा सामाजिक समाबेसीकरण रणनीतिको लागि मुख्य कार्यक्षेत्रहरु

क) नीति तथा कानुन, योजना

ख) संथागत संरचना

ग) शिक्षा, स्वास्थ्य, कृषि तथा पशु ब्यवसायमा सकारात्मक विभेदको अवलंबन गरी सबैको पहुँच सुनिश्चित गर्ने ।

घ) स्रोतमा लक्षित वर्गकों आर्थिक तथा सामाजिक सशक्तीकरण तथा पहुँच

ङ) सेवा प्रवाहमा सबै बर्गलाई समेटिने

च) सुशासन तथा उत्तरदायित्व

छ) सबै तहमा अर्थपूर्ण सहभागिता

ज) दक्ष जनशक्ति ब्यवस्थापन/क्षमता बिकास

झ) लैङ्गिक विभेद तथा हिंसा

ञ) लैंगिक बजेटमा अभिबृद्धि

ट) अपांग/ बालमैत्री संरचना निर्माण

## खण्ड ३

## ३. गाउ पालिकाको लैंगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति योजनाको दीर्घकालीन सोच, लक्ष्य तथा उद्धेश्यहरु

### ३.१. लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति योजनाको दीर्घकालीन सोच

"लैंगिक संवेदनशीलता हाम्रो सवाल : न्यायपूर्ण र सुरक्षित समाजको आधार। "

### ३.२. लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति योजनाको धेय

"सबै बर्ग, लिङ्ग, क्षेत्र, जातजाति र आर्थिक, सामाजिक, बौद्धिक एवं शारीरिक क्षमताका आधारमा हुने भेदभावको अन्त्य गरी मर्यादित, न्यायपूर्ण, सुरक्षित, र समतामूलक गाउ पालिकाको सुनिश्चितता गर्ने"

### ३.३. लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति योजनाको लक्ष्य उद्धेश्यहरु

महिला तथा वञ्चितिकरणमा परेका वर्गको राज्यका निकायहरुमा मुलप्रवाहीकरण, आन्तरिकीकरण, सशक्तीकरण र संस्थागत सुदृढीकरण गर्दै लैङ्गिक समानता तथा समावेशी विकासको माध्यमद्वारा लैङ्गिक तथा सामाजिक सम्बन्धमा सुधार ल्याई महिला, यौनिक तथा लैंगिक अल्पसंख्यक र सबै बञ्चितिकरणमा परेका व्यक्ति तथा समूहहरुको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्ने ।

### ३.४. लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति योजनाको उद्धेश्यहरु

क) गाउँपालिकाको नीति, योजना, संरचना व्यवस्था, सेवा प्रवाह, कार्यक्रम तथा बजेट लैससास उत्तरदायी बनाउने।

ख) महिला तथा लक्षित वर्गको आर्थिक, सामाजिक र शैक्षिक विकासका लागि नीतिगत एवम् संरचनात्मक सुधार गर्ने।

ग) महिला तथा लक्षित वर्गको सशक्तीकरणको माध्यमद्वारा सार्वजनिक स्रोत ,साधनको पहुँच र नियन्त्रण बढाउने।

घ) गाउँपालिका भित्र हुने सबै प्रकारको लैङ्गिक विभेद ,हिंसा र अन्य सामाजिक कु -संस्कारहरुको अन्त्य गरी सबैले सामाजिक न्याय प्राप्त गरेको अनुभूति हुने सभ्य समाजको निर्माण गर्ने।

ङ) महिला ,बालबालिका ,विपन्न तथा पिछडिएको वर्गको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील , उत्तरदायी ,जवाफदेही हुनको साथै लैससास सम्बन्धी बुझाईमा एकरुपता कायम गर्न कर्मचारी तथा पदधिकारीहरुको क्षमता विकास गर्ने।

च) ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, युवा तथा बालबालिकाहरूको अनुभव, सिप, क्षमता र सिर्जनशीलता अभिवृद्धि गरी लाभमा सुनिश्चितता गर्ने।

छ) दिगो विकास र आर्थिक समृद्धिको लागि महिला तथा लक्षित वर्गको समान अवसर, नेतृत्वदायी भूमिका वृद्धि, साथै समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चितताका लागि आर्थिक सशक्तीकरणका गतिविधिहरु सञ्चालन गर्ने।

ज) राष्ट्रिय तथा अन्तराष्ट्रिय र सङ्घीय तथा प्रदेश सरकारको लैससास सम्बन्धमा गरिएका प्रतिबद्धताहरु अनुरुपको दायित्व पुरा गर्ने।

## ४. रणनीतिको औचित्य र आवश्यकता

खत्याड गाउँपालिकाले महिला हिंसा तथा अन्य विभिन्न प्रकारको हिंसा न्यूनीकरणसामाजिक कुसंस् ,कार बिरुद्द जनचेतनामुलक कार्यक्रम तथा महिला तथा पिछडीएका वर्गको सशक्तिकरणको लागि निरन्तर रुपमा आफ्नो नीतियोजना तथा कार्यक्रममा लैससाको अ ,वधारणा अनुसार कार्यक्रमहरु गर्दै आएको छ तथापी यसलाई थप नतिजामुखी र व्यवस्थित गर्नुपर्ने आवश्यकता छ। समुदायमा विद्यमान सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै समतामुलक ,समानुपातिक समावेशी र सहभागितामूलक समाजको निर्माण गर्न गाउँपालिकाले नीति निर्माण , बजेट तर्जुमा र संचालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मैत्री बनाउन आवश्यक छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न लैससास रणनीति मार्गदर्शन हुनेछ।

## ५. रणनीति योजनाको मुल्य मान्यता तथा सिद्धान्तहरु

देहायका मान्यताका आधारमा लैससास रणनीतिक योजना तर्जुमा गरिएको छ।

क) समानता र न्यायः सबैका बर्ग, लिङ्ग, जात, जाति , अपाङ्गता भएका व्यक्ति वा सामाजिक-आर्थिक स्थिति कमजोर बर्गका लागि विशेष गरी पृष्ठभूमिबाट पछि परेको समूहको निष्पक्ष व्यवहार, पहुँच र अवसर सुनिश्चित गर्नु।

ख) सशक्तिकरणः निर्णय प्रक्रियाहरू र नेतृत्व भूमिकाहरूमा महिलाहरू, पिछडिएका समूहहरू र अल्पसंख्यकको भूमिका र उनीहरुको आवाजको प्रवर्धन गर्नु।

ग) विविधताको सम्मानः बिबिध भाषा, सांस्कृतिक पहिचानमा आधारित भिन्नतालाई मूल्याङ्कन गर्दै सामाजिक मेलमिलाप र आपसी सम्मान सुमधुर तथा प्रवर्धन गर्नु।

घ) जवाफदेहिता र पारदर्शिताः लैगिक प्रतिबद्धताहरू पूरा गर्न अनुगमान, अवलोकन (निगरानी), उजुरी समाधान र संस्थागत जिम्मेवारीका लागि संयन्त्र स्थापना गर्नु।

ङ) मानव अधिकार र गरिमाः सबै क्रियाकलापहरूलाई सार्वभौम मानव अधिकार र प्रत्येक व्यक्तिको गरिमाको मान्यता मा आधारित गर्नु।

देहायका सिद्धान्तका आधारमा लैससास रणनीतिक योजना तर्जुमा गरिएको छ।

क) सहभागिता र समावेशिताः महिला, हाशिएमा रहेका समुदाय र संवेदनशील समूहहरूलाई योजना, कार्यान्वयन र मूल्याङ्कन चरणहरूमा सक्रिय रूपमा संलग्न गर्नु। यो रणनीतिले गाउँपालिकाको हरेक विकास कार्यक्रममा सबै लिङ्ग, वर्ग, जातजाती, क्षेत्र तथा समुदायको समावेशी समानुपातिक आधारमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरेको छ।

ख) अन्तरसम्बन्धताः धेरै प्रकारका भेदभाव (जस्तै, लिङ्ग, जात, अपाङ्गता) आपसमा जोडिएको हुन्छन् र तिनीहरूलाई समग्र रूपमा सम्बोधन गर्नुपर्ने कुरा स्वीकार गर्नु।

ग) विभेदरहित (Nondiscrimination): यो रणनीति कार्यान्वयनका सिलशिलामा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक, पिछडिएका क्षेत्र तथा समुदाय, जातजाती, आर्थिक, सामाजिक अवस्था वा अन्य कुनैपनि आधारमा भेदभाव गरिने छैन।

घ) सारभूत समानता (substantive equality): यो रणनीतिले लैङ्गिक समानताको सवालमा सारभूत समानता जस्तै भूमिका, उत्तरदायित्व, अधिकार र परिणाममा समानताको सिद्धान्तलाई आत्मसात गरेको छ।

ङ) कोही पछाडि नछुटुन् (leave no one behind): यस रणनीतिले दिगो विकास लक्ष्य अनुसार कोही पनि पछाडि नछुटुन् भन्ने अवधारणलाई अवलम्बन गरेको छ।

च) उत्तरदायित्व तथा जवाफदेहिताः यो रणनीतिक योजना कार्यान्वयनको क्रममा आउन सक्ने हरेक अवस्थामा गाउँपालिकाका प्रतिनिधि तथा कर्मचारीहरू सम्बन्धित क्षेत्रका जनतासँग जवाफदेही हुनुपर्ने कुरालाई अङ्गीकार गरेको छ।

छ) शून्य सहनशीलता (Zero Tolerance): यो रणनीतिले गाउँपालिका भित्र हुने लैङ्गिक तथा सबै प्रकारका विभेद र हिंसाका घटनाहरुमा शून्य सहनशिलताको नीति अङ्गीकार गरेको छ।

ज) कसैलाई पनि हानी नपुर्याउने (Do No Harm): यस रणनीतिले कसैलाई पनि हानी वा क्षति नपुर्याउने सिद्धान्त अवलम्बन गरेको छ।

झ) प्रमाणमा आधारित र सन्दर्भ-विशिष्टः  विशिष्ट समुदायको आवश्यकताहरूलाई लक्षित गर्नका लागि विभाजित डेटा र स्थानीय ज्ञानको प्रयोग गर्नु।

ञ) क्षमता निर्माण र संस्थागत सुदृढीकरणः लैगिकता  लाई प्रभावकारी रूपमा मुख्यधारामा ल्याउन कार्यान्वयन गर्ने निकायहरूको सीप, प्रणाली र संरचनालाई सुदृढ बनाउनु।

ट) दिगोपना र दीर्घकालीन प्रभावः सामाजिक मान्यता, संस्थागत अभ्यासहरू, र समुदायको लचिलोपनमा स्थायी परिवर्तन ल्याउने रणनीतिहरू डिजाइन गर्नु।

ठ) सहकार्य र साझेदारीः क्षेत्रहरूबीच र नागरिक समाज, सरकार, र विकास साझेदारहरूसँग मिलेर कार्य गरी सुसंगतता र साझा स्वामित्व सुनिश्चित गर्नु। यो रणनीतिको सफल र प्रभावकारी कार्यान्वयनका लागि लैससास क्षेत्रमा कार्यरत सरोकारवालाहरुसँग समन्वय, साझेदारीता र सहकार्यलाई प्राथमिकतामा राखिएको छ।

## ६. गाउ पालिकाको लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरणको रणनीतिहरु

खत्याड गाउँपालिकाले माथि उल्लेखित लक्ष्य तथा उद्देश्यहरु परिपूर्ति गरी लैङ्गिक समानता तथा सामाजिक समावेशी शासन व्यवस्था स्थापित गरी सबै नागरिकको हक हितको संरक्षण र सहभागितामुलक ढंगले समानुपतिक विकास गर्ने देहाय बमोजिमको लैससास मुलप्रवाहीकरण रणनीतिहरु अबलम्बन गरिने छ।

क) गाउँपालिकामा तर्जुमा भएका विद्यमान नीतिकानू ,नआवधिक योजना ,निर्देशिका , तथा मापदण्डहरुको पुनरावलोकन गरी लैससास सम्बन्धी आवश्यक कार्यविधिहरु तर्जुमा गरिने छ।

ख) गाउँपालिकाको नीति निर्माण बजेट तर्जुमा तथा समग्र विकास प्रकृयामा महिला तथा ,योजना तर्जुमा , लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न लक्षित समुदायको क्षमता विकास गरिने छ।

ग) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण र लैङ्गिक उत्तरदायी बजेट तर्जुमा मार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला तथा पिछडिएका वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ।

घ) गाउँपालिकाको दिगो विकास र आर्थिक समृद्धिको लागि महिला तथा लक्षित वर्गलाई समान अवसर सिर्जना गर्ने लक्षित समुदायको नेतृत्वदायी भूमिका वृद्धि गर्नुका साथै विकासको समान प्रतिफल र , लाभको उपभोग सुनिश्चित गर्दै आर्थिक सशक्तीकरणका गतिविधिहरु सञ्चालन गरिने छ।

ङ) गाउँपालिकाको सेवा प्रवाह अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई लैससासमैत्री ,संस्थागत व्यवस्था , सरोकारवाला तथा नागरिक समाजका सङ्गठनहरूको लैससास ,पदाधिकारी ,बनाउन कर्मचारी सम्बन्धमा क्षमता अभिवृद्धि गरिने छ।

च) गाउँपालिका भित्र हुने सबै प्रकारको लैङ्गिक विभेद ,हिंसा र अन्य सामाजिक कु -संस्कारहरुको अन्त्य गरी सबैले सामाजिक न्याय प्राप्त गरेको अनुभूति हुने सभ्य समाजको निर्माण गर्ने प्रयास जारी राखेछ।

## ७. गाउ पालिकाको लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति कार्यान्वयनको कार्य योजना

| रणनीतिक उद्देश्यहरु | प्रमुख क्रियाकलापहरु (कति पटक वा कतिवटा) | समयावधि (कहिले गर्ने महिना वा साल) | लक्षित समुह (कार्यक्रम वा क्रियाकलाप हरु कसको लागि गर्ने) | जिम्मेवारी (कसले गर्ने, नेतृत्व कसले लिने) |
|---|---|---|---|---|
| लैससासको अवधारणा हासिल गर्ने गाउँपालिकामा तर्जुमा भएका नीति, कानून, निर्देशिका आवधिक, योजना, तथा मापदण्डहरुको पुनरावलोकन, संशोधन साथै लैससास सम्बन्धी आवश्यक कार्यविधिहरु तर्जुमा गरिने छ। | • लैससासलाई संस्थागत गर्न आवश्यक कानून, नियमावाली, कार्यविधि तथा मापदण्डहरु तर्जुमा गर्न | आ.व २०८२/०८३ सम्म | गाउँपालिकाको सबैको लागि | लैससास कार्यान्वयन समिति |
| | • ऐन, कानून, नीति, कार्यविधिको मस्यौदा तयार गर्ने कार्य टोली गठन गरि क्षमता विकास गर्ने | आ.व २०८२/०८३ | पदाधिकारी तथा कर्मचारी | लैससास कार्यान्वयन समिति |
| | • गाउँपालिकाको विधयमान ऐन, नीति, कार्यविधि, आवधिक योजना तथा मापदण्डहरुको लैससास दृष्टिकोणले पुनरावलोकन गरी र आवश्यकता अनुरुप संशोधन गर्ने। | आ.व २०८२/०८३ बाट सुरुवात गर्ने | गाउँपालिकाको सबैको लागि | लैससास कार्यान्वयन समिति |
| | • गाउँपालिकाले लैससास कार्यान्वयन समिति तथा वडा तहमा वडा स्तरीय समिति गठन गरी समितिको जिम्मेवारी तथा अधिकारहरु स्पष्टसंग निर्क्योल गरी परिचालन गरिने छ | आ.व २०८२/०८३ | गाउँपालिकाको सबैको लागि | महिला तथा बालबालिका शाखा/ न्यायिक समिति |
| | • गाउँपालिकामा कुनै पनि ऐन, नीति, निर्देशिका, कार्यविधि संकलन गर्दा महिला तथा लक्षित वर्गको सुझाव संकलन गर्ने व्यवस्था गर्ने | आ.व २०८२/०८३ देखि | गा.पा सबै | लैससास कार्यान्वयन समिति |
| | • महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाइ प्रत्यक्ष फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत बजेट विनियोजन गर्ने | आ.व २०८२/०८३ देखि निरन्तर | महिला तथा पिछडीएका वर्गका लागि | बजेट सिमा निर्धारण समिति |
| | • गाउँपालिका/नगरपालिकाले तयार गर्ने नीति, कानून, योजना तथा बजेटमा महिला तथा लक्षित वर्गको मागको आधारमा योजनाहरु संम्बोधनको सुनिश्चितता गरिने छ | आ.व २०८२/०८३ देखि निरन्तर | महिला तथा लक्षित बर्ग | लैससास कार्यान्वयन समिति/ बिषयगत समिति |

| | | | | |
|---|---|---|---|---|
| गाउँपालिकाको नीति निर्माण, योजना तर्जुमा ,बजेट तर्जुमा तथा समग्र विकास प्रकृयामा महिला तथा लक्षित वर्गको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्न ति वर्गको क्षमता विकास गरिने छ। | • आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक समानता तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गर्ने | आ.ब २०८२/०८३ देखि | महिला तथा लक्षित वर्ग | योजना शाखा महिला तथा बालबालिका शाखा, कृषि र पशु सेवा शाखा |
| | • महिला तथा लक्षित बर्गलाई आफ्नो हक अधिकार, पैरवी तथा नेतृत्व विकास सम्बन्धी तालिम दिने | निरन्तर | महिला तथा लक्षित बर्ग | सबै बिषयगत शाखा |
| | • बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व समुदायका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जनजाति, अल्पसंख्यक पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छलफल गरी मागको आधारमा योजना छनोट गर्ने | निरन्तर | महिला तथा लक्षित वर्ग | सबै बिषयगत शाखा |
| | • गाउँपालिकाको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागिता गराई लक्षित समुहले छनौट गरेका योजनालाई प्राथमिकतामा राख्ने । | निरन्तर | महिला तथा लक्षित वर्ग | सबै बिषयगत शाखा |
| | • गाउँपालिकास्तर, वडा स्तर तथा समुदायस्तरमा गठन गरिने विभिन्न संजाल, समुह तथा समितिहरुमा महिला तथा लक्षित समुदायको ३५% प्रतिनिधित्व हुने व्यवस्था गर्ने | आ.व २०८२/०८३ | महिला तथा लक्षित वर्ग | सबै बिषयगत शाखा |
| | • समिति, उपसमिति तथा कार्यदलमा सहभागी महिला तथा लक्षित वर्गका प्रतिनिधिलाई लाई योजना व्यवस्थापन तथा बित्त व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्ने | आ.व २०८२/०८३ देखि | महिला तथा लक्षित बर्गका प्रतिनिधीहरु | योजना शाखा, प्रशासन शाखा |
| | • लैससाको विषयलाई अगुवाई गर्न र सम्पर्क व्यक्तिको रुपमा काम गर्न लैससासको स्रोत व्यक्तिहरु विकास गर्दै जाने | आ.व २०८२/०८३ देखि | गाउँपालिकाका सबै | प्रशासन शाखा तथा महिला तथा बालवालिका शाखा |
| | • लैससास सम्बन्धी बिस्तृत खण्डकृत तथ्याङ्क तयार गर्ने र नियमित अध्यावधिक गर्ने | आ.व २०८३/०८४ सम्म | गाउँपालिका सबै | प्रशासन शाखा/ पञ्जिकरण शाखा |
| | • पालिकामा कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक | निरन्तर | महिला तथा पिछाडिएका वर्ग | प्रशासन शाखा |

| | | | | |
|---|---|---|---|---|
| | प्रतिनिधित्व हुने कर्मचारी भर्ना नियमावली तयार गरी कार्यान्वयन गर्ने | | | |
| लैङ्गिक समानता तथा सामाजिक समावेशी परिक्षण र लैङ्गिक उत्तदायी बजेट मार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला तथा पिछडीएका वर्गको अर्थपूर्ण सहभागिता सुनुश्चित गरिनेछ | • गाउँपालिकाले लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण कार्यविधि वनाई कार्यान्वयन गर्ने | आ.व २०८३/०८४ | महिला तथा पिछडिएका वर्ग | महिला तथा बालबालिका शाखा |
| | • लैङ्गिक उत्तरदायी बजेट तथा योजना लाई गाउँपालिकाले आन्तरिकिकरण गरी यसको प्रभावकारी कार्यान्वयनको लागि कर्मचारी तथा पदाधिकारीको क्षमता विकास गर्ने | आ.व २०८२/०८३ | गा.पा सबै | महिला तथा बालबालिका शाखा |
| | • गाउँपालिकाको योजना शाखाका कर्मचारी तथा लैससास क्षेत्रका सरोकारवालाई लैङ्गिक उत्तरदायी योजना छनोट तथा बजेट विधि कार्यान्वयन सम्बन्धी क्षमता विकास गरिने छ। | आ.व २०८२/०८३ | गा.पा सबै | प्रशासन शाखा |
| दिगो विकास र आर्थिक समृद्दिको लागि महिला तथा लक्षित वर्गको समान अवसर, नेतृत्वदायी भुमिका बृद्दि साथै समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चित गर्न आर्थिक सशक्तिकरणका गतिविधिहरु संचालन गरिने छ | • गाउँपालिका भित्रका आर्थिक अवस्था कमजोर भएका विपन्न परिवार, बेरोजगार युवा, बैदेशीक रोजगारीबाट फर्किएका पुरुष तथा महिलाको पहिचान गर्ने | निरन्तर | विपन्न तथा गरिव परिवार | तथ्याङ्क व्यवस्थापन शाखा |
| | • लक्षित समुदायका महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा बिपन्न परिवारको परम्परागत सिप, व्यवहारीक सिप र क्षमताको अध्ययन तथा पहिचान गर्ने | निरन्तर | पिछडिएका समुदायका महिला तथा गाउँपालिकाको प्रथमिकिकरणमा परेका लक्षित बर्ग सबै | महिला तथा बालबालिका शाखा तथा , उद्यमशिलता सहजकर्ता |
| | • उद्यमशिलता तथा व्यवसाय संचालन गर्न आवश्यक रकम अनुदान तथा सहुलिय ऋण सहयोग गर्ने व्यवस्था गर्ने तथा व्यवसाय प्रवर्द्दन गर्ने खालको कार्यक्रम तथा आवश्यक वजेटको विनियोजन गर्ने। | निरन्तर | पिछडिएका समुदायका महिला तथा गाउँपालिकाको प्राथमिकिकरणमा परेका लक्षित वर्ग सबै | सबै बिषयगत शाखा, उद्यमशिलता सहजकर्ता |
| | • व्यवसायमा जोखिम न्यूनीकरणको लागि विमा व्यवस्थालाई अनिवार्य लागु गर्ने | निरन्तर | पिछडिएका समुदायका महिला तथा | सबै बिषयगत शाखा तथा , उद्यमशिलता सहजकर्ता |

| | | | | |
|---|---|---|---|---|
| | | | गाउँपालिकाको प्राथमिकिकरणमा परेका लक्षित बर्ग सबै | |
| | • व्यवसाय संचालन गर्ने लक्षित समुदायका महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा बिपन्न परिवाको समुह तथा संजाल गठन गरी आफ्नो हक र आधिकरको लागि सरोकारवाला संग पैरवी गर्न क्षमता विकास गर्ने। | निरन्तर | व्यवसाय गर्ने सबै | सबै बिषयगत शाखा |
| गाउँपालिकाको सेवा प्रवाह, संस्थागत व्यवस्था, अनुगमन तथा मुल्याङ्कनलाई लैससास मैत्री बनाउन कर्मचारी, पदाधिकारी ,सरोकारवाला तथा नागरिक समाजहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा क्षमता अभिबृद्दी गरिने छ। | • गाउँपालिकाले लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरी छुट्टै शिर्षकमा बजेट विनियोजन गर्ने व्यवस्था गर्ने | आ.व २०८२/०८३ | सबै विषयगत शाखाका कर्मचारी तथा पदाधीकारी | प्रशासन शाखा |
| | • गाउँपालिका स्तरमा लैससास सम्बन्धी स्रोत व्यक्ति उत्पादन गरि परिचाल गर्ने | आ.व २०८२/०८३ | महिला तथा बालकालिका शाखाको कर्मचारी | प्रशासन शाखा |
| | • कार्यलययमा हुन सक्ने विभेदपूर्ण व्यवहार, विभेदपूर्ण भाषाको प्रयोग र कार्यलयमा हुनसक्ने हिंसा नियन्त्रणको लागि शुन्य सहनशिलताको नीति बनाउने | आ.व २०८२/०८३ | सबै विषयगत शाखाका कर्मचारी तथा पदाधीकारी | महिला तथा बालबालिका शाखा |
| | • कम अवसरको प्राप्ती र कम अनुभवको अधारमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व गर्ने पदाधिकारीलाई क्षमता विकासको लागि प्राथमिकतामा राख्ने | आ.व २०८२/०८३ बाट | महिला तथा लक्षित बर्गका प्रतिनिधिहरु | प्रशासन शाखा |
| | • लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच कार्यगत संयन्त्र (संजाल) गठन गरी संजालका प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिम प्रदान गर्ने। | आ.व २०८२/०८३ | गा.पा का सबै सरोकारवाला | महिला तथा बालबालिका शाखा |
| | • गाउँपालिकाको अनुगमन समितिले लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्वन्धी कार्यक्रमको | आ.व २०८२/०८३ | अनुगमन समिति | प्रशासन शाखा/ योजना शाखा |

| | | | | |
|---|---|---|---|---|
| | अनुगमन, मूल्याङ्कन गर्दा सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने। | | | |
| | • गाउँपालिकामा गठन हुने बालक्लव, आमा समुह, महिला समुह, सहकारी, किशोरकिशोरी समुहलाई लैससास सम्बन्धी अभिमुखिकरण गर्ने | निरन्तर | महिला, बाल क्लबका प्रतिनिधिहरु | महिला तथा बालबालिका शाखा |
| गाउँपालिका भित्र हुने सबै प्रकारको लैङ्गिक विभेद, हिंसा र अन्य सामाजिक कु-संस्कारहरुको अन्त्य गरी सबैले सामाजिक न्याय प्राप्त गरेको अनुभुति हुने सभ्य समाजको निर्माण गर्ने | • गाउँपालिका भित्रका सबै वडाका बिभिन्न समुदायहरुमा विद्यमान लैङ्गिक विभेदको अवस्था, परिमाण र समाधानका उपायहरु बारे सर्वक्षण गरी प्रतिवेदन तयार गर्ने | आ.व २०८३/०८४ सम्म | गाउँपालिका सबै | महिला तथा बालबालिका शाखा |
| | • गाउँपालिकाको पदाधिकारी/कमर्चारीलाई लैङ्गिक तथा समावेशी विकास, लैंगिक हिंसा निवारण सम्बन्धी तालिम दिने र तालिम कार्यकममा लक्षित समूह तथा महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चित गर्ने। | आ.व २०८३/०८४ सम्म | कर्मचारी तथा पदाधिकारी | प्रशासन शाखा |
| | • गाउँपालिकाले स्थानीय रेडियो, एफ.एम, छापा लगायत श्रव्यदृश्य समेतका सबै माध्यमद्वारा लैङ्गिक हिंसा, घरेलु हिंसा, तथा सामाजिक कुरीति उल्मुलन सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्नेछ | निरन्तर | समुदायका सबै | सुचना शाखा |
| | • सबै वडाहरुमा हानिकारक सामाजिक कुसंस्कारले पारेको असर र प्रभावका बारेमा पदाधिकारी, लैससास क्षेत्रमा कार्यरत समूह, सञ्जाल र संयन्त्रसंग समय समयमा समिक्षा गर्ने | आ.व २०८३/ ०८४ सम्म | हिंसा पीडित महिला तथा समुह | वडा समिति |
| | • समुदाय तह देखि महिला हिंसा बिरुद्दको सुचना र हिंसा भएमा कसरी उजुरी गर्ने कहाँ गर्ने भन्ने लगायतका सुचनाहरु स्थानीय भाषा र सबैको पहुँचमा हुनेगरी प्रवाह गर्ने | निरन्तर | हिंसा पीडित महिला तथा समूह | महिला तथा बालबालिका शाखा,सुचना प्रविधि शाखा |
| | • हिसां मुक्त गाउँपालिका र वडा घोषण गर्न सुचक तयार गर्ने र सुचकको आधारमा कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने। | आ.व २०८४/ ०८५ सम्म | गाउँपालिका सबै | महिला तथा बालबालिका शाखा, लैससास |

| | | | | |
|---|---|---|---|---|
| | | | | कार्यान्वयन समिति, प्रशासन शाखा |
| | • समाजमा विद्यमान हानिकारक सामाजिक मुल्य मान्यता, सोच र व्यवहार परिवर्तन गर्न रणनैतिक योजना तथा कार्यक्रम तयार गर्ने। | निरन्तर | हिंसा पीडित महिला तथा समुह | महिला विकास शाखा |
| | • गाउँपालीकाको अगुवाईमा सामुदायीक संघसंस्था, युवा क्लव, बाल क्लव तथा निगरानी समुहहरुको गठन तथा परिचालन गरि लैङ्गिक विभेद तथा हिंसा नियन्त्रणका लागि ति संघसस्थाहरु संग सहकार्य समन्वय गर्ने। | निरन्तर | हिंसा पीडित महिला तथा समुह | महिला तथा बालबालिका शाखा |
| | • लैङ्गिक हिंसामुक्त गाउँपालिका घोषणा गर्ने | आ.व ०८५/०८६ सम्म | गा.पा. सबै | कार्यपालिका/ नगरसभा |

## ८. गाउ पालिकाको लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति कार्यान्वयनको लागि आवश्यक संस्थागत व्यवस्था

लैससास मुलप्रवाहीकरण रणनीतिक योजनाको प्रभावकारी रुपमा कार्यन्वयन गर्न निम्न समितिहरु व्यवस्था गरिने छ।

### ८.१. गाउ पालिका स्तरीय लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति कार्यान्वयन समिति गठन

गाउपालिका स्तरीय लैससास कार्यान्वयन समितिको गठन यस प्रकार छ।

क) गाउँपालिका अध्यक्ष - संयोजक

ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) सामाजिक विकास समितिका संयोजक – सदस्य

ङ) कार्यपालिकाका सदस्यहरु मध्येबाट कम्तिमा १ जना महिला सहित संयोजकले तोकेका २ जना – सदस्य

च) सामुदायिक सङ्ग संस्थाहरू मध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका २ जना – सदस्य

छ) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा वा लैससास हेर्ने प्रमुख - सदस्य सचिव

समितिका पदाधिकारी तथा सदस्यहरु ९ देखि १३ जना सम्म रहन सक्नेछन।

#### ८.१.१. गाउ पालिकाको लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति कार्यान्वयन समितिको काम कर्तब्य र अधिकार

लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) लैससास रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवालासँग प्रभावकारी समन्वय र सहकार्य गर्ने।

ख) लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्क सङ्कलन एवम् विश्लेषण गर्न सहयोग गर्ने।

ग) गाउँपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि, आवधिक योजना र अन्य प्रकाशीत दस्तावेजमा लैससासको विषयबस्तुको समावेश गरी मूलप्रवाहीकरण गर्ने।

घ) लैससास रणनीति अनुरुप लैङ्गिक तथा समाजिक विकासको कार्यविधि तयार गरी कार्यान्वयन गर्ने।

ङ) योजना तथा बजेट तर्जुमा गर्दा लैससासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने।

च) लैससास सम्बन्धी क्षमता अभिबृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने र गराउने।

छ) लैससास रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने।

ज) उल्लेखित कार्यहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने।

### ८.२. वडास्तरीय लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति कार्यान्वयन समिति गठन

प्रत्येक वडा स्तरमा देहाय बमोजिमको लैससास कार्यान्वयनसमिति गठन गरिएको छ। सो समिति मार्फत लैससास सम्बन्धी सबै किसिमका कार्यक्रमहरुको समुदाय स्तरसम्म पुर्याइने छ।

क) वडा अध्यक्ष -संयोजक

ख) वडा सदस्य (महिला र दलित महिला सहित) -३ जना सदस्य

ग) वडा सचिव - सदस्य सचिव

घ) अतिथिः सङ्घसंस्थाबाट आवश्यकता अनुसार -२ जना सदस्य

### ८.२.१. वडास्तरीय लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति कार्यान्वयन समितिको काम कर्तब्य र अधिकार

वडास्तरको लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) खत्याड गाउँपालिकाकोलैससास समन्वय समितिले गरेको कार्यहरु जस्तै ऐन, कानून, नीति, आवधिक योजना विषयगत योजना र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेज समुदाय स्तरका सरोकारवाला र नागरिक समाजसँग छलफल गरी लैससास सम्बन्धी विषयवस्तुहरु समावेश गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने।

ख) गाउँपालिकाको योजना तथा बजेट तर्जुमा प्रकृया देखि कार्यान्वयन र अनुगमनको चरण सम्म समुदायका विपन्न वर्ग, तथा महिलाहरुलाई सहभागी गराउन नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने।

ग) गाउँपालिकाको वडातहको लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न सहयोग गर्ने।

घ) गाउँपालिकाका वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारीता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुँच बढाई फाईदाको समानुपातिक वितरण सुनिश्चित गर्न नेतृत्वदायी भूमिका निभाउने।

ङ) गाउँपालिकाको वडा स्तरमा लैससास सम्बन्धि क्षमता विकासको योजना तयार गरी लैससास क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने र गराउने।

च) उल्लेखित कार्यहरु गर्न कार्य योजना बनाई कार्यान्वयन गर्ने र गराउने।

## ८.३. बैठक, कार्यविधि र सेवासुविधा

क) गाउँपालिका स्तरीय समितिको बैठक सामान्यतया प्रत्येक त्रैमासिक रुपमा बस्ने छ तर अवश्यकता परेमा जहिले पनि बस्न सक्ने छ।

ख) वडा स्तरीय समितिको बैठक प्रत्येक२ महिनामा बस्ने छ।

ग) समिति र उपसमितिका वैठकहरूको कार्यविधि नगरपालिकाका अन्य समिति वा उपसमिति सरह हुनेछ।

घ) सेवा सुविधा गाउँपालिकाको नियम बमोजिम हुनेछ।

## ८.४. सम्पर्क व्यक्ति

गाउँपालिकालेले लैससासलाई संस्थागत गर्नको लागि सामाजिक विकास शाखा वा महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी लैससासको सवालहरुलाई सम्बोधन गर्न सहज बनाउने छ।

## ८.५. लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति कार्यान्वयन लागिको वित्त व्यवस्थापन

### ८.५.१. आर्थिक स्रोत

लैससास रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधन व्यवस्थापन गर्नु खत्याड गाउँ पालिकाको प्रमुख दायित्व हुनेछ। गाउँपालिकाको सम्पूर्ण विषयगत शाखाहरुले आ-आफ्नो योजना तथा कार्यक्रममा नै लैससासलाई मूलप्रवाहीकरण गर्नु पर्दछ। यो रणनीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड, निर्देशिका निर्माण, लैससास विज्ञको आपुर्ति जस्ता विविध कार्यहरुका लागि लाग्ने अनुमानित स्रोत साधनबारे सरोकारवालाहरुसँग छलफल गरी गाउँपालिकाले प्रत्येक आर्थिक वर्षको नीति तथा बजेटमा यो शीर्षकमा आवश्यक बजेट विनियोजन गर्ने छ। लैससास रणानीतिक योजना कार्यान्वयन गर्न आन्तरिक तथा बाह्य स्रोतको समेत परिचालन गर्नेछ ।

### ८.५.२. मानवीय स्रोत

लैससास मूलप्रवाहीकरण रणनीतिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजान आवश्यकता अनुसार संयोजन र सहकार्य गर्ने प्रमुख जिम्मेवार गाउँ पालिकास्तरीय लैससास कार्यान्वयन समितिको रहने छ। यस रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गाउ सभाका सबै पदाधिकारी, वडा, टोलस्तरीय समिति लगायत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहने छ। विभिन्न समिति तथा समूहहरुलाई क्रियाशील बनाउन गाउ स्तरीय समितिको भूमिका प्रभावकारी हुन आवश्यक छ। गाउँपालिकाले रणनीतिक योजना कार्यान्वयनको लागि आवश्यक जनशक्तिको क्षमता विकास गरी जिम्मेवार बनाउने छ।लैससास रणनीतिक योजना कार्यान्वयन गर्न महिला तथा बालबालिका विकास शाखाले जिम्मेवारी निर्वाह गर्नेछ ।

## ८.६. लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति कार्यान्वयन अनुगमन तथा मुल्यांकन सम्बन्धि व्यवस्था

यो रणनीतिक योजना कार्यान्वयनका लागि निम्नानुसार अनुगमन तथा मुल्याङ्कन योजना तय गरिएको छ।

क) गाउँपालिकास्तरिय लैससास मुलप्रवाहीकरण रणनीतिक योजना अनुगमन तथा मुल्याङ्कनको लागि ५ सदस्यीय अनुगमन तथा मुल्याङ्कन समिति गठन गरिने छ।

ख) अनुगमन समितिमा लैससास सम्बन्धी ज्ञान भएको कर्मचारी तथा पदाधिकारी र तथ्याङ्कमा काम गर्ने जनशक्ति समावेश गरिने छ।

ग) लैससास रणनीतिले लिएको ध्येय, लक्ष्य,उदेश्य र कार्ययोजना कार्यान्वयनको सूचकहरु निर्धारण गरी अनुगमन तथा मुल्याङ्कन गरिने छ। हरेक आ.व.को अन्त्यमा अनुगनमन र मुल्याङ्कन गरी रणनीतिको प्रभावकारिता समिक्षा गरिने छ र आवश्यकता अनुसार संशोधन गरिनेछ।

घ) अनुगमन र मुल्याङ्कन् टोलीमा स्थानीय सरोकारवाला र लक्षित वर्गलाई सहभागी गराईनेछ।

## ८.७. लैगिक समानता तथा सामाजिक समाबेसीकरण मुलप्रवाहीकरण रणनीति सम्भावित जोखिम तथा न्युनिकरणका उपायहरु

लैससास रणनीतिक योजना कार्यान्वयनमा आउन सक्ने सम्भवित जोखिम तथा सो जोखिम न्यूनीकरणका उपायहरु

| सम्भावित जोखिम | जोखिम न्यूनिकरणका उपायहरु |
|---|---|
| लैससास विषय गाउँपालिकाको प्राथमिकतामा नपर्न सक्छ । | लैससासलाई प्रथमिकतामा राख्न नीतिगत व्यवस्था गर्ने। |
| रणनीति कार्यान्वयन गर्न जिम्मेवार निकाय तथा सरोकारवाला बीच समन्वय नहुन सक्छ । | सरोकारवाला वीचमा नियमित समन्वय बैठक राख्ने तथा गाउँपालिकास्तरमा रहेका नागरिक समाज तथा सञ्जालहरुको सहकार्यमा लक्षित समुदायका व्यक्तिहरुलाई लाभान्वित गर्न सकिने बारेमा नियमित छलफल गर्ने। |
| रणनीतिक योजना कार्यान्वयनको लागि स्रोतको व्यवस्थापन | आवश्यक आर्थिक स्रोतको व्यवस्थापन गाउँपालिकाले गर्नेछ। स्रोत व्यवस्थापनका लागि गाउँपालिकाले सरोकारवाला निकायहरु, सङ्घ, संस्थाहरु तथा साझेदारहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ। |
| सामाजिक विभेद तथा भेदभावजन्य व्यवहार र प्रचलन | समाजमा विद्यमान सबै प्रकारका विभेद तथा भेदभावजन्य प्रचलन, व्यवहार र कुरीतिहरुको अन्त्यका लागि आवश्यक कानूनहरुको तर्जुमा र भईरहेका कानूनहरुको पुनरावलोकन गरिनेछ। चेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ। कुनै पनि प्रकारको हिंसा, विभेद शोषण र हानिकारक अभ्यासहरुमा गाउँपालिकाले शून्य सहनशीलताको नीति लिनेछ। |